घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


महिला बालबालिका तथा सामाजिक विकास शाखा)

प.स: २०७७।०७८

मिति :२०७७।११।६

च .न : ३९३९

**विषय :** विवरण उपलव्ध गराइ सहयोग गरि दिनु हुन ।

**श्री अध्यक्ष ज्यु ,**
घोराही उपमहानगरपालिका
वडा नं.१० कोवडा कार्यालय

उपरोक्त सम्वन्धमा घोराही उपमहानगरपालिका महिला, बालबालिका तथा सामाजिक विकास शाखा अन्तर्गत तपसिल वमोजिम क्षेत्रको तथ्यांक अद्यावधिक गर्नु पर्ने भएकोहुदाँ निम्न वमोजिमको विवरण उपलब्ध गराइ सहयोग गरि दिनुहुन अनुरोध छ ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१ वालक्लव /वडा संजालको विवरण

क) वालक्लव/वडा संजालका को नाम, ठेगाना, सदस्य संख्या :
सदस्यको नाम: उमेर

२ किशोरी /वडा संजालको विवरण

क) किशोरी /वडा संजालको नाम :,ठेगाना, सदस्य संख्या :
सदस्यहरुको नाम : उमेर

३ युवा समुह /वडा संजालको विवरण

क) युवा समुह /वडा संजालको नाम :,ठेगाना, सदस्य संख्या :
सदस्यहरुको नाम : उमेर

४ टोल विकास सस्थाको विवरण

क) टोल विकास सस्थाको नाम :,ठेगाना, सदस्य संख्या :
सदस्यहरुको नाम :

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/७८
चलानी नं.:- ३९६

मितिः- २०७७/१०/२१

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री स्थानीय तह (सबै)।

विषयः- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं. ०७७/७८, च.नं. बा.श्र.नि.व्य.सु. ४८, मिति २०७७/१०/१८ को पत्र र बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम गर्ने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

२०७७/१०/२१

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः- वेबसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

चलानी संख्या: २०७७/७८ बा.श्र.नि.व्य.सु ४८

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०७७/१०/१८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने म्याद थप गरिएको।**

बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि इच्छुक स्थानीय तहबाट मिति २०७७/०९/०९ मा ३५ दिनको समय दिइ प्रस्ताव माग गरिएकोमा मिति २०७७/१०/१५ को (सचिवस्तर) निर्णयानुसार प्रस्ताव पेश गर्ने म्याद ३५ दिन थप गर्ने निर्णय भएकोले कार्यविधिको (यसै साथ संलग्न छ) अनुसुची १ बमोजिमको सर्वेक्षणको प्रतिवेदन सहित अनुसुची २ बमोजिमको प्रस्ताव थप गरिएको म्याद भित्र पेश गर्नका लागि स्थानीय तहलाई त्यस मन्त्रालयको वेबसाइट मार्फत पत्राचार हुने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

०७७/१०/१८

(विनोद पौडेल)
शाखा अधिकृत

# बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि

## २०७७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## नेपाल सरकारश्रम, रोजगार तथा सामाजिक

## सुरक्षा मन्त्रालय

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७

**प्रस्तावना:** नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ। साथै संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ। प्रत्येक बालबालिकालाई बाल अनुकूल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको संवैधानिक हकको व्यवस्था समेत गरेको छ।

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा अठार वर्ष पूरा नगरेका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाउने व्यवस्था छ। श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था छ । यसैगरी बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि गाउँपालिका/नगरपालिका तहबाट बालश्रमको अन्त्य गर्दै राष्ट्रलाई बालश्रम मुक्त गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०७४ को दफा १८१ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाँउपालिका र नगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य र लक्षित समूह

३. **उद्देश्य** : स्थानीय तहलाई बालश्रम मुक्त घोषणा गर्ने कार्यमा सहजता एवम् एकरुपता ल्याउन तथा बालश्रम मुक्त बनाउन सहयोग पुर्याउनु हुनेछ ।

४. **लक्षित समूह** : बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ।

(१) घरेलु बालश्रम,
(२) बाल भरिया,
(३) कृषि तथा पशुपालन बालश्रम,
(४) लागूपदार्थ सङ्कलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,
(५) बुनाई बालश्रम,
(६) ईट्टा उद्योगको बालश्रम,
(७) खानी क्षेत्रको बालश्रम,
(८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत),
(९) यातायात क्षेत्रको बालश्रम,
(१०) जरी तथा बुट्टा भराईमा संलग्न बालश्रम,
(११) छिमेकी देशमा पुर्याईएका बालश्रम,
(१२) यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्ने बालश्रम,
(१३) सडक व्यापारमा संलग्न बालश्रम,
(१४) जडीबुटी सङ्कलन गर्ने बालश्रम,
(१५) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा

(१६) होटेल रेष्टुरेन्टका बालश्रममुक्त

(१७) स्थानीय तहले तोकेका अन्य

## परिच्छेद ३

## बालश्रम मुक्त घोषणाका सूचक

५. **सूचकहरु** : बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि देहाय बमोजिमका सूचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछन्।

(१) अद्यावधिक तथ्याङ्क र अभिलेखिकरण:

(क) स्थानीय तहमा जन्मेका सबै वालवालिकाको जन्म दर्ताको विवरण,

(ख) अनुसुची १ बमोजिम सर्वेक्षण गरेको हुनुपर्ने,

(ग) स्थानीय तहमा रहेका बालश्रमसंग सम्बन्धित विभिन्न सरोकारवालाहरु (स्थानीय प्रशासन, विद्यालय, विज्ञ, बालश्रम विरुद्ध काम गर्ने गैर सरकारी संस्था, बालक्लब, हेल्पलाईन वा हटलाईन आदि) को सूचीकरण एवं नक्साङ्कन गरेको

(घ) बालश्रम हुनसक्ने सम्भावित क्षेत्रहरूबाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र

(२) स्थानीय तहमा बालश्रम निवारणको लागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषय समावेश भएको हुनुपर्नेछ।

(३) स्थानीय तहले बालश्रम निवारण सम्बन्धी देहाय बमोजिमका कार्यक्रम अनिवार्य सञ्चालन गरेको हुनुपर्नेछ

(क) बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श सम्बन्धी कार्यक्रम,

(ख) बालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम,

(ग) पढाई नियमित नभएका (१५ देखि १८ वर्ष सम्मका) बालश्रमिकका लागि सिपमूलक कार्यक्रम,

(घ) बालश्रम विरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम,

(ङ) सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम

(च) बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यक्रम,

(छ) बालश्रमिकहरुको शैक्षिक विकास कार्यक्रम ।

(४) बालश्रम निवारण सम्बन्धी खण्ड (३) मा उल्लेखित कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले बजेट विनियोजन गरेको हुनुपर्नेछ ।

(५) संस्थागत व्यवस्था:

(क) बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी वा शाखाको व्यवस्था,

(ख) बालश्रम निवारणका लागि सक्रिय बालक्लब र अन्य सञ्जालहरुको विकास,

(ग) बालबालिका ऐन, २०७५ ले व्यवस्था गरे बमोजिमको बालअधिकार समितिको व्यवस्था,

(घ) बालश्रमको अवस्था अनुगमन तथा कारवाहीका लागि संयन्त्र,

(ङ) उद्धार गरिएका बालबालिकालाई राख्नको लागि बालकल्याण गृह वा प्रचलित कानून बमोजिम दर्ता भएका बालबालिकालाई हेरचाह गर्ने कुनै संस्था।

नोट: यस प्रयोजनका लागि स्थानीय तहले बाल कल्याण गृह वा बालबालिकालाई हेरचाह गर्ने संस्थाको स्वयम् व्यवस्थापन गर्न सक्ने वा सम्बद्ध संघसंस्था वा छिमेकी स्थानीय तहसंगको समन्वय र सहकार्यमा समेत व्यवस्था गर्न सक्नेछ।

(६) शिक्षाको अवस्था:

(क) विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा भर्ना दर कम्तिमा ९५ प्रतिशत

(ख) विद्यालय छोड्नेको दर घट्दो हुनुपर्ने।

(७) सहयोग, समन्वय र सहकार्यको व्यवस्था:

(क) स्थानीय तहले सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, श्रमिक संगठन, नागरिक समाज, गैरसरकारी संघसंस्थासंग बालश्रम निवारणका लागि सहयोग, समन्वय र सहकार्य गरेको हुनुपर्ने ।

(ख) स्थानीय तहले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरुमा सूचना आदान प्रदान, कार्यक्रम सञ्चालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको हुनुपर्ने ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ४

## स्थानीय तह छनौट

६. **सर्वेक्षण** : (१) बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहले अनुसुची १ बमोजिमको सर्वेक्षण गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वेक्षण स्थानीय तह स्वयमंले गर्नुपर्ने वा कुनै साझेदारको सहयोग लिई गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको सर्वेक्षणका लागि मन्त्रालयले आवश्यक सहयोग गर्न सक्नेछ।

७. **प्रस्ताव** : बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहसँग मन्त्रालयले अनुसुची २ बमोजिमको प्रस्ताव माग गर्नेछ ।

८. **प्रस्तावको मूल्याङ्कन** : दफा ७ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची २ मा उल्लेखित प्रत्येक क्रियाकलापलाइ ५ अंकभार कायम गरी मूल्याङ्कन गरिनेछ । त्यसरी मूल्याङ्कन गर्दा समान अंक आएमा देहायका सूचकलाई मूल्याङ्कनको आधारको रुपमा लिइनेछ ।

(क)बालश्रम निवारण सम्बन्धमा स्थानीय तहले विनियोजन गरेको बजेट

(ख)बालश्रम निवारण सम्बन्धमा स्थानीय तहले गरेका कामको विवरण

(ग)बालश्रम निवारण सम्बन्धी स्थानीय तहको कोषको अवस्था

९. **छनौट** : मन्त्रालयले दफा ८ बमोजिम मुल्याङ्कन गरी बालश्रम मुक्त स्थानीय तह कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरु छनौट गर्नेछ।

## परिच्छेद ५

## श्रोतको व्यवस्थापन

१०. बालश्रम मुक्त कार्यक्रमका लागि छनौट भएका स्थानीय तहलाई देहायबमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

(क) बालश्रम मुक्त कार्यक्रम सञ्चालन गर्नका लागि रु ३ लाख

(ख) बालश्रम मुक्त स्थानीय तह भइसकेपछि रु २ लाख

११. स्थानीय तहले दफा १० बमोजिम प्राप्त रकम दफा ५ को उपदफा (३) वा बालश्रम मुक्त स्थानीय तह लक्षित कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ ।

१२. स्थानीय तहले बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रममा खर्च गर्दा प्रचलित कानूनको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

१३. मन्त्रालयबाट अनुदान प्राप्त रकमको लेखाकंन गर्ने, श्रेस्ता ब्यवस्थापन गर्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सो को प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ६
## अनुगमन तथा मूल्याङ्कन

१४. राष्ट्रिय स्तरमा बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यक्रम तर्जुमा, सञ्चालन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन बालश्रम (निषेध र नियमित गर्ने) ऐन बमोजिम गठित बालश्रम निवारण समितिले गर्नेछ।

१५. प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयको सचिवको संयोजकत्वमा रोजगारदाता, ट्रेड यूनियन, बालश्रमसँग सम्बन्धित गैसस, नागरिक समाज, स्थानीय प्रशासन सञ्चारकर्मी लगायत अन्य सरोकारवाला समेतको संलग्नतामा प्रदेश समन्वय समिति गठन हुनेछ ।

१६. प्रदेश समन्वय समितिमा रहने सदस्य र बैठक सम्बन्धी कार्यविधि सामाजिक विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१७. स्थानीय स्तरमा अध्यक्ष/प्रमुख वा निजले तोकेको निर्वाचित प्रतिनिधि वा कर्मचारीको संयोजकत्वमा रोजगारदाता, ट्रेड यूनियन, बालश्रमसँग सम्बन्धित गैसस, नागरिक समाज, स्थानीय प्रशासन सञ्चारकर्मी लगायत अन्य सरोकारवाला समेतको संलग्नतामा स्थानीय समन्वय समिति रहनेछ ।

१८. स्थानीय समन्वय समितिमा रहने अन्य सदस्य र बैठक सम्बन्धी कार्यविधि तथा समितिको कार्यक्षेत्र स्थानीय कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ७
## घोषणा प्रक्रिया

१९. स्थानीय तहको वडा समितिले परिच्छेद ३ मा उल्लेखित सूचक पुरा गरी स्थानीय तहको अध्यक्ष वा प्रमुख समक्ष बालश्रममुक्त वडा घोषणा गर्न निर्णय सहित सिफारिस गर्नेछ ।

२०. निवेदन प्राप्त भए पश्चात् स्थानीय समन्वय समितिले अनुगमन गर्नेछ ।

२१. स्थानीय समन्वय समितिले १५ दिन भित्र अनुगमन गरी अनुगमन प्रतिवेदन अध्यक्ष वा प्रमुख समक्ष पेश गर्नेछ ।

२२. स्थानीय समन्वय समितिको अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिका बैठकको निर्णयबाट स्थानीय तहले बालश्रम मुक्त वडा घोषणा गर्न सक्नेछ ।

२३. स्थानीय तहका सबै वडा बालश्रम मुक्त घोषित भइ सके पछि परिच्छेद-३ मा उल्लेखित सूचकका आधारमा कार्यपालिकाको प्रस्तावमा गाउँ/नगरसभाले बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न सक्नेछ।

२४. जिल्लास्थित सबै स्थानीय तह बालश्रम मुक्त घोषणा भएमा जिल्ला समन्वय समितिको प्रस्तावमा जिल्ला सभाले बालश्रम मुक्त जिल्ला घोषणा गर्न सक्नेछ ।

२५. बालश्रम मुक्त स्थानीय तह घोषणा भइसके पश्चात त्यसको दिगोपना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले बालश्रम निवारण कोष स्थापना गर्न सक्नेछ ।

## परिच्छेद ८

## विविध

२६. सूचक थप गर्न सकिने : यो कार्यविधिको मूल भावना र मर्म विपरित नहुने गरी स्थानीय स्तरको विविधता अनुरुप सम्बन्धित स्थानीय तहले अतिरिक्त सूचक बनाई कार्यान्वयन गर्न सक्नेछ।

२७. संशोधन सम्बन्धी व्यवस्था : यो कार्यविधिको संशोधन मन्त्रालयले गर्न सक्नेछ ।

## अनुसुची १

### बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण

स्थानीय तहको नाम: ..............................................

**१. जानकारी**

क. वडा नं ....................................... ख. घर नं .........................................

ग. परिवार सदस्य संख्या ................... घ. ५ देखि १८ वर्ष सम्मका बालबलिकाको संख्या ...

**२. पारिवारिक जानकारी**

**क. पारिवारिक विवरण**

| सि.नं | परिवारको सदस्यको नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

ञ. ५ वर्ष भन्दा माथिको पारिवारिक सदस्यको शिक्षाको अवस्था

| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| प्रश्न | कुनै भाषामा पढ्न र लेख्न सक्नुहुन्छ ?<br>१. सक्छु<br>२. सक्दिन | यस वर्ष कुनै विद्यालय वा प्रारम्भिक विद्यालय जानुभएको छ?<br>१. छु<br>२. छैन | कहिले विद्यालय जानु भएको छ ?<br>१. छु<br>२. छैन | विद्यालय नजानुको कारण ? | कति कक्षासम्म पढ्नु भएको छ ?<br>१. छु<br>२. छैन |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

## ग. आर्थिक अवस्था

| | ६ | ७ | ८ | ९ | १० | | ११ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र कम्तिमा १ घण्टा कुनै रोजगार वा काममा संलग्न हुनुहुन्थ्यो ? | एक हप्ताको भित्र कुनै नम्न लिखित काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>१। व्यवसायमा तलब/ज्याला आउने काममा<br>२। तलब/ज्याला आउने घरेलु काममा<br>३। तलब/ज्याला नलिइ घरेलु काममा सहयोग<br>४। आफ्नै घरको प्लट वा फार्ममा सहयोग<br>५। आफ्नै घर, प्लट वा व्यवसायको निर्माण वा मर्मत सम्भार सम्बन्धी कार्य | एक हप्ता भित्र कुनै काम वा व्यवसायमा संलग्न नभएतापनि कुनै काम वा व्यवसायमा फर्कन चाहनुहुन्छ ? | कस्तो प्रकारको काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>१ रोजगारदाता<br>२ श्रमिक<br>३ स्वरोजगार<br>४ पारिवारिक काम<br>५ अन्य | मुख्य कामबाट मासिक पारिश्रमिक | | अन्य सुविधा सञ्चयकोष विमा विरामी विदा |
| | | | | | आधारभूत पारिश्रमिक | महंगी भत्ता | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

| | १२ | १३ | १४ | १५ | | १६ | | १७ | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र मुख्य पेशा वा व्यवसाय बाहेक अन्य कुनै काम गर्नुभयो ?<br>१. गरे<br>२. गरिन | गएको हप्ताको प्रत्येक दिनहरुमा जम्मा कति घण्टा काम गर्नुभयो ? | पहिलो पटक कति वर्षको हुँदा काम वा व्यवसाय सुरुवात गर्नुभयो ? | बेरोजगारी सम्बन्धी प्रश्न | | घरायसी कार्य(बालबालिका ५-१७ वर्षकालाइ मात्र) | | काम गर्ने बालक/बालिकाको बारेमा अभिभावक वा संरक्षकको धारणा वा बुझाइ | |
| | | | | गएको हप्ता कुनै कामको खोजीमा हुनुहुन्थ्यो ?<br>१.थिए<br>२. थिइन | कति समयदेखी कामको खोजीमा हुनुहुन्छ ? | बितेको हप्ता मध्ये कुनै ***घरायसी कार्य** गर्नुभयो ?<br>१. गरे<br>२.गरिन | बितेको हप्ता कति घण्टा घरायसी काममा संलग्न हुनुभयो ? | बालक/बालिकाले कामबाट समस्या भोगेको छ<br>१.छ<br>२.छैन | बालक/बालिकालाइ काम गर्न दिनु वा काममा लगाउनुको मुख्य कारण के हो |
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |

*** घरायसी कार्य** : किनमेल, घरायसी सामान मर्मत, खाना पकाउने, भाडा वर्तन माझ्ने, लुगा धुने, बालबालिका, बिरामी तथा बृद्ध बृद्धाको हेरचाह सम्बन्धी कार्य, अन्य घरायसी कार्य

## घ घरायसी र घरधुरी विवरण

| १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
|---|---|---|---|---|---|---|---|---|---|
| तपाइको घर कस्तो प्रकारको घर हो ?<br>१.अपार्टमेन्ट/ फ्ल्याट<br>२.निजी घर<br>३.निजी घरको भाग<br>४.मोबाइल घर टेन्ट/क्याराभान<br>५.बस्ने उद्देश्यका लागि नबनाइएको आश्रय स्थल<br>६.झुपडी घर<br>७.अन्य | घरको स्वामित्व ?<br>१.परिवारको सदस्यको नाममा भएको<br>२.साझा घर<br>३.निशुल्क रुपमा बनएको<br>४.रोजगारदाताको<br>५.भाडामा<br>६.अन्य | उर्जाको मुख्य श्रोत?<br>१.दाउरा<br>२.कोइला<br>३.मट्टीतेल<br>४.ग्यास<br>५.विघुत<br>६.सौर्य उर्जा<br>७.अन्य | खानेपानीको मुख्य श्रोत?<br>१.घरभित्रै पाइपबाट<br>२.घरबाहिर पाइपबाट<br>३.ट्याङ्कर<br>४.नदी/खोला<br>५.इनार/ट्युव वेल<br>६.कुवा<br>७.पोखरी<br>८.आकाशे पानी | तपाइको परिवार को सदस्यको कसैको नाममा जग्गा छ?<br>१.छ<br>२.छैन | तपाइको परिवार को नाममा भएको जग्गाको क्षेत्रफल कति छ ? | परिवारको कुनै बच्चालाइ परिवारको कसैको नाममा भएको ऋण तिर्नको लागि विद्यालय छोड्न लगाउनु भएको छ ? या लगाउदै हुनुहुन्छ | तपाइको परिवारको मासिक औषत खर्च कति रहेको छ ? | तपाइको परिवारको आम्दानीको मुख्य श्रोत के हो ? | तपाइको परिवारको मासिक औषत आम्दानी कति रहेको छ ? |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

ङ ५-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न

| | २८ | २९ | ३० | ३१ | ३२ | ३३ | ३४ |
|---|---|---|---|---|---|---|---|
| त्र | के तपाइ जुन कुनै भाषामा पढ्न लेख्न सक्नुहुन्छ ? १. सक्छु २. सक्दिन | के तपाइ यो वर्षमा विद्यालय वा पूर्व प्राथमिक विद्यालय जानुभएको छ ? | तपाइको अध्ययनको तह कुन हो ?<br>१.पूर्व प्राथमिक<br>२.प्राथमिक<br>३.माध्यामिक<br>४.उच्च माध्यामिक | तपाइले प्राथमिक कक्षा कति बर्षको उमेरमा सुरु गर्नुभयो ? | गएको हप्तामा तपाइले कुनै दिन विद्यालय छोड्नुभएको छ ?<br>१. छ<br>२. छैन | छोड्नुभएको हो भने विद्यालय छोड्नुको कारण के थियो ?<br>१.विद्यालय विदा भएर<br>२.शिक्षक अनुपस्थित भएर<br>३.खराव मौसमको कारण<br>४.पारिवारिक व्यवसायलाइ सहयोग गर्न परेर<br>५.घरमा घरायसी काममा सहयोग गर्न परेर<br>६.पारिवारिक व्यवसायका कारण घर बाहिर काम गर्न परेर<br>७.विरामी वा अशक्तताका कारण<br>८.अन्य | कहिल्यै विद्यालय जानुभएको छैन भने नजानुको कारण के हो ?<br>१.कम उमेर भएर<br>२.अशक्त/बिरामी भएर<br>३.विद्यालय छैन/टाढा भएर<br>४.विद्यालय शुल्क तिर्न नसकेर<br>५.परिवारले पढ्न अवरोध गरेर<br>६.विद्यालयमा रुचि नभएर<br>७.शिक्षालाइ महत्वपूर्ण नठानेर<br>८.विद्यालय सुरक्षित नभएर<br>९.काम सिक्न परेर<br>१०.पैसाको लागि काम गर्न परेर<br>११.पारिवारिक व्यवसायमा ज्याला नलिने कामदारको रुपमा काम गर्न परेर<br>१२.घरायसी काममा सहयोग गर्न परेर<br>१३.अन्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न

| ३५ | ३६ | ३७ | ३८ | ३९ |
|---|---|---|---|---|
| तपाईले विद्यालय वाहिर कहिल्यै व्यवसायीक तालिम लिनुभएको छ ? | सो तालिमको प्रमाणपत्र प्राप्त गर्नुभएको छ ? | कुन विषयमा तालिम लिनुभएको थियो ? | एक हप्ता भित्र कुनै काममा कम्तिमा १ घण्टा संलग्न हुनुहुन्थ्यो? | यी मध्ये कुनै काम गत हप्ता १ घण्टा गर्नुभएको थियो?<br>क कुनै व्यवसाय संचालन आफै वा सहकार्यमा<br>ख पारिश्रमिक या तलव या पैसाको लागि कुनै काम<br>ग घरेलु बालश्रम<br>घ घरायसी व्यवसायलाई सघाउने काम<br>ङ आफ्नै घरको लागि कुनै कृषि, खाद्य, पशुपालन रेखदेख जस्ता काम<br>च निर्माण र मर्मत सम्बन्धी आफ्नै घरमा काम<br>छ घरको खानाका लागि माछा समाते काम<br>ज पानी लिन जाने<br>झ घाँस दाउरा लिन जाने<br>ञ घरायसी प्रयोगको लागि कुनै बस्तु उत्पादन<br>ट अन्य कुनै काम ......................................<br>वा व्यवसाय .............................. |
| | | | | |
| | | | | |
| | | | | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

१४-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न

| ४० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ |
|---|---|---|---|---|---|---|---|---|---|
| गत हप्तामा मुख्य काम वाहेक अन्य कुनै काम गर्नुभएको थियो ? | गत हप्ता कति समय काम गर्नुभएको थियो ? | गत हप्ताको कुनै दिन बढिमा कति समय काम गर्नुभएको थियो ? | मुख्य काम कहाँ गर्नुहुन्थ्यो ? | मुख्य कामका लागि तपाई के हुनुहुन्थ्यो?<br>क रोजगारदाता<br>ख आफ्नै खाता भई काम गर्ने<br>ग श्रमिक<br>घ पारिवारिक काम | बेलुकी ६ बजे देखि बिहान ६ बजेसम्म काम गर्नुभयो ? | चिकित्सकबाट योग्यताको प्रमाणपत्र लिनु भएको थियो ? | पारिश्रमिक भुक्तानीको तरिका ?<br>क पिस रेट<br>ख घण्टा<br>ग दैनिक<br>घ हप्ता<br>ङ मासिक<br>च कार्यगत<br>छ अन्य | मुख्य काममा सरदर मासिक पारिश्रमिक ? | सञ्चय कोष, उपदान लगायत अन्य विदाहरु पाउनुभएको छ ? |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

च व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (१४-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न)

| ५० | ५१ | ५२ | ५३ | ५४ | ५५ |
|---|---|---|---|---|---|
| जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न हुनुहुन्थ्यो ? | काममा कुनै घाउ चोटपटक लागेको थियो? | कुनै भारी बस्तु उठाउनु परेको थियो ? | कुनै मेसिन औजार चलाउनु परेको थियो? | निम्न कार्य वातावरणमा काम गर्नुपरेको थियो ?<br>क धूवाँ धुलो<br>ख आगो, ग्याँस र ताप<br>ग ठूलो आवाज<br>घ खतरानाक औजार<br>ङ जमिनमुनी<br>च उचाइमा<br>छ पानी पोखरी तलाउमा<br>ज अधेरो र सानो कोचिएको ठाँउमा<br>झ भेन्टिलेसन प्रयाप्त नभएको ठाँउमा<br>ञ केमिकल भएको ठाँउ<br>ट विष्पोटक पदार्थ भएको ठाँउ<br>ठ अन्य | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं

## अनुसुची २

## बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव

स्थानीय तहको नाम :

स्थानीय तहको ठेगाना :

बालश्रम निवारण सम्बद्ध कार्यक्रमका लागि विनियोजन भएको बजेट :

| क्र.सं | क्रियाकलाप (कार्यविधीको सूचक ...... सँग सम्बन्धित) | भएको/नभएको | नभएको भए | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्पन्न गर्न लाग्ने समयावधि | अनुमानित लागत | सहयोगी निकाय | |
| १. | सबै बालबालिकाको जन्मदर्ता (१क) | | | | | |
| २. | सरोकारवालाको सूचीकरण र नक्साङ्कन (१ग) | | | | | |
| ३. | बालश्रम हुनसक्ने क्षेत्र बाट बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता पत्र (१घ) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | बालश्रम निवारणको छुट्टै नीति (२) | | | | | |
| ५. | बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श कार्यक्रम (३क) | | | | | |
| ६. | बालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम (३ख) | | | | | |
| ७. | बालश्रमिकका लागि सीपमूलक कार्यक्रम (३ग) | | | | | |
| ८. | सक्रिय संघ संस्था तथा व्यवसायीलाइ प्रोत्साहन तथा सम्मान कार्यक्रम (३घ) | | | | | |
| ९. | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम (३ङ) | | | | | |
| १०. | उद्धार, पुनर्स्थापना पुनर्मिलन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी कार्यक्रम (३च) | | | | | |
| ११. | शैक्षिक विकास सम्बन्धी कार्यक्रम (३छ) | | | | | |
| १२. | बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी वा शाखाको व्यवस्था (५क) | | | | | |
| १३. | बालक्लब र अन्य सञ्जालको विकास (५ख) | | | | | |
| १४. | बालअधिकार समितिको व्यवस्था (५ग) | | | | | |
| १५. | बालश्रमको अवस्था अनुगमन तथा कारबाहीका लागि संयन्त्र (५घ) | | | | | |
| १६. | बालकल्याण गृह वा अन्य कुनै हेरचाह गर्ने संस्थाको व्यवस्था (५ङ) | | | | | |
| १७. | विद्यालय भर्ना दर ९५ प्रतिशत भएको नभएको (७क) | | | | | |
| १८. | विद्यालय छोड्ने दर घट्दो | | | | | |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भएको नभएको (७ख) | | | | | |
| १९. | सहयोग, समन्वय र सहकार्यको अवस्था भएको नभएको (८) | | | | | |
| बालश्रम मुक्त हुन लाग्ने जम्मा समयावधि : . . . . . . . . . . . . . .<br><br>बालश्रममुक्त स्थानीय तह घोषणाका लागि लाग्ने जम्मा बजेट : . . . . . . . . . . . . . . . . . . . . . . . . . | | | | | | |

**प्रस्ताव तयार गर्नेको**

नाम थर :

दर्जा :

हस्ताक्षर :

**स्थानीय तहको**

प्रमुख प्रशासकीय अधिकृतको नाम थर :

हस्ताक्षर :

छाप :